# चौतारा साँगाचोकगढी नगरपालिका

ཅུ་ཏ་ར་ སཾ་ག་ཅོག་ག་ཌི་ ན་གར་པ་ལི་ཀ།

चौतारा साँगाचोकगढी नगरपालिका

Chautara Sangachokgadhi Municipality

## नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

चौतारा, सिन्धुपाल्चोक Chautara, Sindhupalchok

२०७३ 2073

पत्र संख्या (Letter No.) :
चलानी नं. (Dispatch No.) :

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

## नगर प्रहरी सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०४/२२ गते, ने.सं. ११४५ गुंलाथ्व त्रयोदशी

चौतारा साँगाचोकगढी नगरपालिका भित्र फुटपाथ व्यवस्थापन एवं ट्राफिक व्यवस्थापन गर्न तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा भएको व्यवस्था अनुसार कामकाज गर्ने गराउन खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा नगर प्रहरी पदपूर्ति गर्नुपर्ने भएको हुँदा तोकिए बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै उल्लेखित पदहरुको आवश्यक न्यूनतम योग्यता यसैसाथ संलग्न राखिएको छ।

तपशिलः

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १. | ०४/२०८२/०८३ | नगर प्रहरी सहायक निरीक्षक (अ.स.ई.) | १ (एक) |
| २. | ०५/२०८२/०८३ | नगर प्रहरी जवान | ३ (तीन) |
| ३. | ०६/२०८२/०८३ | नगर प्रहरी जवान (महिला) | २ (दुई) |

१. **दरखास्त दिने अन्तिम मिति :** २०८२ भदौ ०५ गते कार्यालय समय भित्र।

२. परीक्षा मिति पछि प्रकाशन गरिनेछ।

३. दरखास्त पेश गर्ने अन्तिम मितिका दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयसम्म दरखास्त पेश गर्न सकिनेछ।

४. **दरखास्त बुझाउने स्थान :** चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोक।

५. **दरखास्त दस्तुर :** रु. ५००।- (पाँच सय) यस कार्यालयको राजश्व शाखामा बुझाई सक्कलै रसिद पेश गर्नुपर्नेछ।प्रहरी जवान पदको थप समावेशी कोटामा दरखास्त फाराम भर्नेको हकमा थप रु. ५००।- (पाँच सय) राजश्व लाग्नेछ।

६. **करार सेवाको अवधि :**२०८३ असार मसान्त सम्म।

७. **कर्मचारीको सेवा, शर्त तथा सुविधा :** नियमानुसार।

८. **परीक्षाको किसिम :** फिजिकल, लिखित र अन्तर्वार्ता।

पेमल कुमार पोखरेल
शाखा अधिकृत

"चौतारा साँगाचोकगढी सम्बृद्धिको आधार-शिक्षा, कृषि, पर्यटन र पूर्वाधार"
Web: www.chautarasangachowkgadhimun.gov.np
Email: chautaramun@gmail.com, Contact No. : 011-620477, 011-620047

पत्र संख्या (Letter No.) : २०८२।०८३
चलानी नं. (Dispatch No.) :

९. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :</u>

क. निवेदन र दरखास्त फाराम,

ख. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

ग. न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण-पत्र तथा चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि।

घ. तालिमको प्रमाण-पत्र तथा अनुभव भए सो सम्बन्धी प्रमाण-पत्र।

ङ. २ प्रति पासपोर्ट साइजको फोटो।

.............................
पेशल कुमार पोरखेल
शाखा अधिकृत

**पुनश्च :** दरखास्त फाराम यस चौतारा साँगाचोकगढी नगरपालिका कार्यालय वा नगरपालिकाको आधिकारिक वेवसाइट chautarasangachowkgadhimun.gov.np मार्फत् प्राप्त गर्न सकिनेछ ।

## नगर प्रहरी सहायक निरीक्षक (अ.स.ई.) को आवश्यक न्यूनतम योग्यता

- नेपाली नागरिक,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको,
- नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइने,
- उमेर १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको। भूतपूर्व जनपद र सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाण-पत्र भएको,
- सम्बन्धित जिल्ला वा इलाका वा वडा प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाण-पत्र,
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

## नगर प्रहरी जवानको लागि आवश्यक न्यूनतम योग्यता

- नेपाली नागरिक,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट दश कक्षा वा सो सरह उत्तीर्ण गरेको,
- उमेर १८ वर्ष पूरा भई २१ वर्ष ननाघेको,
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण-पत्र भएको,
- सम्बन्धित जिल्ला वा इलाका वा वडा प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाण-पत्र,
- पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इञ्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

पेशल कुमार पोखरेल
शाखा अधिकृत